प्रदेश सरकार

स्वास्थ्य मन्त्रालय

अस्पताल विकास तथा चिकित्सा सेवा महाशाखा

कोशी प्रदेश, विराटनगर

प.सं. :- ०८२/८३

च.नं. :- ५

मिति :- वि.सं. २०८२/०४/०२

श्री कोशी प्रदेशमा संचालित सम्पूर्ण स्वास्थ्य संस्थाहरु ।

कोशी प्रदेशमा संचालित विभिन्न गैरसरकारी, सामुदायिक र निजी स्वास्थ्य संस्थाहरु ईजाजतपत्र/संचालन स्वीकृति नलिई, स्वीकृत शैया भन्दा बढि, मापदण्ड विपरित गैरकानूनी तरिकाले संचालन गरेको साथै विशेषज्ञ र विशिष्टीकृत सेवा सम्बन्धित निकायबाट स्वीकृति/अनुमति नलिई सेवा संचालन गरिरहेको भनि गुनासो प्राप्त भइरहेको छ। सो सम्बन्धमा ईजाजतपत्र/संचालन स्वीकृति नलिई स्वास्थ्य संस्था संचालन गरेको भएमा, स्वीकृत शैया भन्दा बढी शैया संचालन गरेको भएमा, विशेषज्ञ र विशिष्टीकृत सेवा सम्बन्धित निकायबाट अनुमति नलिई संचालन गरेको भएमा स्वास्थ्य संस्था स्थापना, संञ्चालन तथा स्तरोन्नति मापदण्ड सम्बन्धी निर्देशिका, २०७०, स्वास्थ्य संस्था संचालन मापदण्ड, २०७७, जनस्वास्थ्य सेवा ऐन, २०७७ (कोशी प्रदेश), जनस्वास्थ्य सेवा नियमावली, २०७७, अनुसार देहाय बमोजिम पत्राचार गरिएको मितिबाट लागु हुने गरी सात (७) दिन भित्रमा सम्बन्धित निकायबाट प्रचलित कानून र मापदण्ड अनुसार आवश्यक प्रक्रिया पुरा गरी मात्रै सेवा संचालन गर्नुहुन अनुरोध छ। अन्यथा, जनस्वास्थ्य सेवा ऐन २०७७ को परिच्छेद ५ बमोजिम कानूनी कारबाही गरिने व्यहोरा जानकारी गरिन्छ।

देहायः

- सम्बन्धित निकायबाट अनिवार्य संचालन स्वीकृति लिएर मात्र स्वास्थ्य संस्था संचालन गर्नु पर्ने ।
- स्वास्थ्य संस्था संचालनका लागि स्वीकृत शैया भन्दा बढि शैया संचालन गर्नुपर्ने भएमा सम्बन्धित निकायबाट अस्पताल स्तरोन्नति तथा संचालन स्वीकृति अनिवार्य लिनु पर्ने।
- विशेषज्ञ सेवा संचालन गर्दा प्रदेश सरकार वा सम्बन्धित निकायबाट अनुमति लिनु पर्ने।
- विशिष्टीकृत सेवा संचालन गर्दा संघिय सरकार (स्वास्थ्य तथा जनसंख्या मन्त्रालय/ स्वास्थ्य सेवा विभाग) वा सम्बन्धित निकायबाट सेवा संचालन अनुमति अनिवार्य लिनु पर्ने।
- स्वास्थ्य जनशक्ति मापदण्ड अनुरुप व्यवस्थापन गरि नेपाल सरकार र प्रदेश सरकारले तोके बमोजिमको न्यूनतम सेवा सुविधा अनिवार्य रुपमा व्यवस्थापन गर्नु पर्ने।
- सरकारी निकायमा कार्यरत स्वास्थ्य जनशक्तिले सरकारले तोकेको निकाय बाहेक अन्यत्र कामकाज (क्लिनिकल प्राक्टिस) गर्ने भएमा सम्बन्धित मन्त्रालय वा निकायबाट अनिवार्य पुर्वस्वीकृति लिनु पर्ने ।

(डा. राम हरि रेग्मी)

स्वास्थ्य प्रशासक